आज मिति २०८२ साल चैत्र ५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को दशौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | सुकमाया |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पाण्डे | प्रशासकीय अधिकृत | |
| २ | ज्ञान राम पौडेल | —''— | |
| ३ | कल्पना कोइराला(रेग्मी), | लेखा अधिकृत | |
| ४ | ई. उज्ज्वल मिश्र | [illegible] अधिकृत | |

**नगर-कार्यपालिकाको मिति २०८२/१२/०५ गतेको आ.व. २०८२/८३ को दशौं बैठकका प्रस्तावहरु :**

**निर्णय नं १**

सुन्दरवजार नगरकार्यपालिकाको मिति २०८२/११/२६ गते वसेको आ.व २०८२/८३ को नवौं वैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्वन्धमा ।

**निर्णय नं २**

सुन्दरवजार नगरपालिकाको शिक्षा ऐन, २०७५(संशोधन २०७८) को दफा (११) उपदफा (१) को खण्ड (ङ) वमोजिम सुन्दरवजार नगरपालिका नगर शिक्षा समितिमा कार्यपालिकाले मनोनय गर्ने दुई जना सदस्य मध्ये पुरुष सदस्य श्री नविन कुमार श्रेष्ठ र महिला सदस्य अनिता दुलाललाई मनोनयन गर्ने ।

**निर्णय नं ३**

सुन्दरवजार नगरपालिका क्षेत्रभित्र रहेका नदी, खोला, खोल्सी, कुलो तथा प्राकृतिक पानीका वहाव क्षेत्रहरूको अतिक्रमण, अव्यवस्थित संरचना निर्माण, बाढी तथा कटान जोखिम लगायतका समस्या बढ्दै गएको तथा यस्ता जलस्रोत क्षेत्रको संरक्षण, व्यवस्थापन र दीर्घकालीन उपयोगका लागि स्पष्ट मापदण्ड निर्धारण गर्न आवश्यक देखिएकोले सुन्दरवजार नगरपालिका क्षेत्रभित्र रहेका खोला तथा खोल्सीहरूको सीमांकन, संरक्षण क्षेत्र निर्धारण तथा निर्माण सम्वन्धी मापदण्ड गर्न गठन गरिएको खोला तथा खोल्सीहरुको मापदण्ड अध्ययन समितिको प्रतिवेदन तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा (११) उपदफा २(न) अनुसार विपद व्यवस्थापनमा सहजीकरणका लागि सुन्दरवजार नगरपालिकाका खोला तथा खोल्सीहरुको किनार स्थायी संरचना निर्माण सम्वन्धी मापदण्ड २०८२ पारित गर्ने ।

**विविध प्रस्तावहरु :**

क. यस नगरपालिकामा रहेको मर्स्याङ्गदी नदी किनारमा हरिबोधनी एकादशी पर्वको अवसरमा मेला तथा सांस्कृतिक महोत्सव आयोजना हुने भएको हुँदा हरिबोधनी एकादशी पर्वको अवसरमा मिति २०८२ कार्त्तिक १५ गते र खजे दुरा स्मृति दिवस कार्तिक २१ गतेको दिन सुन्दरवजार नगरपालिका भित्रका संघ संस्थाहरुमा सार्वजनिक विदा दिने ।

ख. पूर्वाधार विकास समितिवाट पेश भएको सुन्दरवजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि,२०७८ पहिलो संसोधन उपर दफावार छलफल गरी आवश्यक संशोधन सहित सर्वसम्मत पारित गर्ने । साथै सुन्दरवजार नगरपालिकामा निर्माण भएका घर तथा भवन अभिलेखिकरणका लागि ३० दिने सूचना प्रकाशन गर्ने ।

ग . यस नगरपालिका वडा नं ४ मा रहेको शान्ती सिर्जना प्रा.वि.मा भवन अभावको कारण अध्ययन अध्यापनमा समस्या भएको हुँदा विद्यालय भवनको कक्षा कोठा मर्मत तथा स्तरोन्नतीका लागि विविध पूँजीगत शीर्षकवाट रु ५ लाख विनियोजन गर्ने ।

घ. यस नगरपालिका वडा नं ६ मा रहेको एच डि सि एस नमूना सामुदायिक अस्पताल जाने बाटो स्तरोन्नतीका लागि विविध पूँजीगत शीर्षकवाट रु १ लाख २० हजार विनियोजन गर्ने ।

२०८२/१२/०५
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

ङ. लक्ष्मी नारायण पार्कको डि पि आर निर्माणका लागि सेवा तथा परामर्श खर्च शिर्षकबाट रु ४ लाख लाख विनियोजन गर्ने ।

च. सुन्दरवजार नगरपालिकाको मध्यमकालिन खर्च संरचना निर्माणका लागि सेवा तथा परामर्श खर्च शिर्षकबाट रु २ लाख विनियोजन गर्ने ।

छ.यस नगरपालिकामा विभिन्न कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग माग गर्ने तपशिल अनुसारका संस्था/व्यक्तिहरुलाई कार्यक्रम सञ्चालनका लागि सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | संस्थाको नाम | प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | दिनेश पोखरेल, सु.न.पा ७ | औषधि उपचार | ३०००० | आर्थिक उपचार सहयोग |
| २ | गौतम गुरुङ, सु.न.पा ५ | औषधि उपचार | २०००० | |
| ३ | साजिद मिया, बेशिसहर नगरपालिका | औषधि उपचार | २०००० | |

ज. पाणिनी सस्कृत माध्यमिक विद्यालय, सुनपा ३ मा निम्न माध्यमिक तहको गणित/विज्ञान विषयका शिक्षक करारमा नियुक्ति गर्नका लागि सूचना गर्दा पनि अध्यापन अनुमति पत्र सहित योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त नपरेकोले विषयको निम्न माध्यमिक शिक्षक व्यवस्थापनका सम्वन्धमा तपसिल वमोजिम गर्ने :

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखावाट स्वीकृत दरवन्दी वा राहत अनुदान वा शिक्षण सिकाइ अनुदानवाट करारमा शिक्षक नियुक्तिका लागि अनुमति प्राप्त भए पछि विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालयमा दरखास्त दिन सकिने गरी सूचना गर्ने,

ख) गणित/विज्ञान विषयको निम्न माध्यमिक शिक्षक पदमा अध्यापन अनुमति पत्र भएका वा नभएका दुवै थरि उम्मेदवारको दरखास्त लिन सकिने,

ग) यस निर्णयको खण्ड ख) वमोजिम अध्यापन अनुमति पत्र भएका तथा नभएका दुवै थरि उम्मेदवारको दरखास्त परेमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारको दरखास्त शुल्क फिर्ता गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरी उनीहरु बीच नियम अनुसार प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

घ) यस निर्णयको खण्ड ख) वमोजिम दरखास्त माग गर्दा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुको मात्र दरखास्त परेमा निजहरु वीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

ङ) शिक्षक सेवा आयोगवाट यस पछि हुने पहिलो विज्ञापन अनुसार खण्ड घ) वमोजिम करार गरिएको शिक्षक सफल भएमा निजलाई निरन्तरता दिन सकिने तर निज असफल भएमा उक्त विज्ञापनको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु भएको ३० दिन पश्चात यस्तो शिक्षकको करार स्वतः अन्त्य हुने ।

झ) सुन्दरवजार नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई EHMIS प्रणाली सञ्चालन सम्वन्धी तालिम कार्यक्रम सञ्चालन गर्दा लागेको खर्च बापतको रकम रु १ लाख ७५ हजार ४ सय ६७ रुपैंया विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने ।

२०८२।१२।६

प्रमुख प्रशासकीय अधिकृत

२०८२।१२।५